MBK JCL

# Madhya Bhotekoshi Jalavidyut Company Limited

**Maharajgunj, Kathmandu**

## Statement of Financial Position (Unaudited)

**As on 29th Poush 2081 (13th January 2025) (2nd Quarter of FY 2081/82)**

*(Rs.'000)*

| Particulars | 2081.09.29 (13.01.2025) | 2081.06.30 (16.10.2024) | 2080.09.29 (14.01.2024) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipment | 464,297.10 | 465,091.30 | 468,546.66 |
| Capital Work-in-Progress | 20,279,799.38 | 19,674,640.93 | 17,847,238.13 |
| **Total Non-Current Assets (A)** | **20,744,096.47** | **20,139,732.23** | **18,315,784.79** |
| **Current Assets** | | | |
| Inventory | 899.36 | 989.30 | 619.63 |
| Advances, Deposits and Other Receivables | 101,430.44 | 134,298.60 | 39,331.25 |
| Investment in Term Deposits | - | - | 300,000.00 |
| Cash and Cash Equivalents | 258,354.14 | 204,774.31 | 555,689.33 |
| **Total Current Assets (B)** | **360,683.94** | **340,062.21** | **895,640.20** |
| **Total Assets (A+B)** | **21,104,780.42** | **20,479,794.44** | **19,211,424.99** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 6,000,000.00 | 6,000,000.00 | 6,000,000.00 |
| Retained Earnings | (372,297.15) | (425,937.24) | (403,646.36) |
| **Total Equity (C)** | **5,627,702.85** | **5,574,062.76** | **5,596,353.64** |
| **Non Current Liabilities** | | | |
| Long-term Liabilities | 14,777,982.76 | 14,328,563.45 | 13,140,642.76 |
| **Total Non-Current Liabilities (D)** | **14,777,982.76** | **14,328,563.45** | **13,140,642.76** |
| **Current Liabilities** | | | |
| Provisions | 7,087.20 | 7,087.20 | 3,026.90 |
| Trade and Other Payables | 692,007.62 | 570,081.04 | 471,401.69 |
| **Total Current Liabilities (E)** | **699,094.81** | **577,168.24** | **474,428.59** |
| **Total Equity and Liabilities (C+D+E)** | **21,104,780.42** | **20,479,794.44** | **19,211,424.99** |

## Statement of Financial Performance (Unaudited) from 1st Kartik 2081 to 29th Poush 2081 (17th October 2024 to 13th January 2025) (2nd Quarter of FY 2081/82)

*(Rs.'000)*

| Particulars | FY 2081/082 (Upto Poush) (2024/025 | FY 2081/082 (Upto Ashwin) (2024/025 | FY 2080/081 (Up to Poush) (2023/024) |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Sale of Electricity | - | - | - |
| **Expenses** | | | |
| Hydro Electric Plant Operating Expenses | - | - | - |
| Royalty | - | - | - |
| Administrative Expenses | (20,775.41) | (12,478.16) | (18,644.05) |
| Depreciation | (303.66) | (157.54) | (306.28) |
| **Operating Profit/ (Loss) (A)** | **(21,079.07)** | **(12,635.71)** | **(18,950.33)** |
| Finance Income/(Cost) | 1,937.77 | 1,011.36 | 9,659.54 |
| Other Income | 12.00 | - | 10.72 |
| **Total Income (B)** | **1,949.77** | **1,011.36** | **9,670.26** |
| **Profit / (Loss) before Tax and Bonus (A-B)** | **(19,129.30)** | **(11,624.35)** | **(9,280.07)** |
| Employee Bonus | - | - | - |
| **Profit/ (Loss) before Tax** | **(19,129.30)** | **(11,624.35)** | **(9,280.07)** |
| **Less: Tax** | | | |
| Current Year Tax | 22.03 | 22.03 | 1,016.90 |
| Prior Year Tax | - | - | - |
| **Net Profit/ (Loss) for the period** | **(19,151.32)** | **(11,646.38)** | **(10,296.97)** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

(**क**) दोश्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ।

(**ख**) **प्रमुख वित्तीय सूचकहरू निम्नानुसार रहेका छन् :**

प्रति शेयर आम्दानी रू.(०.६४) (वार्षिकीकरण गरिएको), प्रति शेयर नेटवर्थ रू.९३.८०, प्रति शेयर कुल सम्पत्तिको मूल्य रू.३५१.७५ र तरलता अनुपात ०.५२ रहेको।

कम्पनी मार्फत हुने खर्चहरू मध्ये कम्पनीको केन्द्रीय कार्यालयमा हुने प्रशासनिक खर्चलाई नाफा/नोक्सान हिसाबमा देखाउने र आयोजनामा भएको खर्चलाई पूँजीकरण गरी चालू पूँजिगत कार्यमा देखाउने गरिएको छ। साथै व्याज तथा अन्य जुनसुकै तरिकाबाट हुने आम्दानीलाई पनि नाफा/नोक्सान हिसाबमा आय स्वरूप देखाउने गरिएको छ। जस अनुसार कुल आम्दानीबाट कम्पनीको कर्पोरेट कार्यालयमा भएको प्रशासनिक खर्च घटाउँदा आउने फरकलाई नाफा/नोक्सानमा देखाउने गरिएको छ। चुक्ता पूँजीबाट वासलातमा देखाइएको सञ्चित नोक्सानीलाई घटाएर आएको रकमलाई शेयर कित्ताले भाग गर्दा आउने भागफललाई नेटवर्थ मानिएको कारण शेयरको किताबी मूल्य रू.१००|- बाट घट्न गई रू.९३.८० पुग्न गएको छ। यसै गरी समीक्षा अवधिमा नाफा/नोक्सान हिसाबले देखाएको नोक्सानीलाई शेयर संख्याले भाग गरी आउने रकमलाई प्रति शेयर आम्दानी मानिएकोले प्रति शेयर आम्दानी नकारात्मक देखिएको छ। आयोजना सञ्चालनमा आए पछि भने प्रतिशेयर आम्दानी तथा नेटवर्थ दुबै वृद्धि हुनेछ। कर्मचारी सञ्चय कोषबाट लिइएको कर्जाको व्याज रकमलाई चालू पूँजिगत खातामा देखाइएको छ भने साँवा व्याज गरी कुल रकमलाई दिर्घकालीन कर्जामा देखाइएको छ। सञ्चय कोषले प्रत्येक तीन/तीन महिनामा व्याजलाई पूँजिकरण गर्ने गर्दछ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) यस कम्पनीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका र बाह्रबिसे नगरपालिका (तत्कालीन मार्मिङ र गाती गा.वि.स.) भएर बग्ने भोटेकोशी नदीको जलसम्पदा प्रयोग गरी १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माणको कार्य अगाडि बढाइएको छ। उक्त आयोजनाका कामहरूलाई मुख्यतः तीन भागमा विभाजन गरी निर्माणको चरणमा लगिएको र सोही अनुसार कार्य सम्पन्न हुने अन्तिम विन्दुमा रहेको छ। कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भएनुसारका सम्पूर्ण ६ करोड कित्ता शेयरहरु जारी गरी रु.६ अर्ब पूँजी संकलन भई आयोजनामा लगानी भई सकेको छ। यस कम्पनी अन्तर्गत एउटा मात्र आयोजना रहेको र उक्त आयोजना निर्माणाधीन रही हाल निर्माण सम्पन्न हुने अन्तिम बिन्दुमा रहेको हुनाले खास आम्दानी भएको छैन। मौज्दात भएका रकम मध्येबाट छोटो अवधिका लागि विभिन्न बैंकहरूमा मुद्दती खाता खोली सो वापत प्राप्त रकमलाई व्याज आम्दानी र टेण्डर फर्म बिक्री र यस्तै प्रकृतिबाट प्राप्त हुन आएको रकमलाई अन्य आम्दानी अन्तर्गत राखिएको छ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन। तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबू बाहिर) को असर भने सदा रहिरहने छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:** सो नभएको

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू भएका छैनन्। कम्पनी अन्तर्गतको मध्य भोटेकोशी जलविद्युत आयोजनाको सम्पूर्ण निर्माणका कामहरू सम्पन्न भै आयोजना सञ्चालनमा आए पछि कम्पनीले दिन सक्ने आकर्षक प्रतिफलका कारण शेयर कारोवारमा पनि सकारात्मक असर देखिने हुँदा व्यवस्थापन पक्ष सम्बन्धित लगानीकर्ताहरूलाई पनि विश्वस्त गराउन चाहन्छ।

(ख) **त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण :**

| शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | कारोबार भएको कुल दिन | कारोबार संख्या | कारोबार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| ४१०.०० | २९३.५० | ३३४.२० | ५५ | ४२,९०६ | ४५,८४,५२८ |

५. **समस्या तथा चुनौति:**

मध्य भोटेकोशी जलविद्युत आयोजनाको निर्माणाधीन अवस्थामा प्राकृतिक एवं कोभिड-१९ को प्रकोप तथा अन्य विभिन्न कारणहरूले निर्धारित कार्यतालिका अनुरूप अपेक्षित प्रगति हासिल हुन नसकेको। कम्पनी व्यवस्थापन, आयोजनाका मुख्य ठेकेदार कम्पनीहरू र परामर्शदाताको संयुक्त प्रयासमा सिभिल तथा हाइड्रोमेकानिकल कार्य एवं इलेक्ट्रोमेकानिकल कार्यले गति लिई हाल आयोजना सम्पन्न हुने अन्तिम बिन्दुमा रहेको छ। आयोजनामा जडित उपकरणहरुको ड्राई टेष्ट सफलतापूर्वक सम्पन्न भई आयोजनाको जल परिवहन प्रणालीको परीक्षण गर्ने क्रममा गरिएको वेट टेस्टिङको क्रममा सुरुङमा देखिएको चुहावट विद्युत उत्पादनका लागि स्वीकार्य सीमा भित्र रहेको भएता पनि विद्युत निकासीका लागि आवश्यक नेपाल विद्युत प्राधिकरणको जिम्मामा रहेको बाह्रबिसे हब सब-स्टेशनको निर्माण कार्य सम्पन्न नभएको एवं वैकल्पिक निकास योजना अन्तर्गत सहमति गरिएको शिवश्री हाइड्रोपावर लि.को जिम्मामा रहेको प्रसारण लाइन समेतको सम्पूर्ण कार्य नसकिएकोले विद्युत उत्पादन शुरु गर्न ढिलाई भएको। हाल सुरुङ चुहावट भएको स्थानमा कम्पनीले द्रुत गतिमा मर्मत कार्य अगाडि बढाएको छ।

उल्लेखित सम्पूर्ण कार्य सम्पन्न यथाशीघ्र सम्पन्न गरी ने.वि.प्रा.लाई विद्युत आपूर्ति गरिने लक्ष्य लिइएको छ।

६. **संस्थागत सुशासन:**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्य व्यवस्थित गर्न आर्थिक प्रशासन तथा खरिद विनियमावली सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ। कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली, भ्रमण विनियमावली लगायत कम्पनीको आफ्नै स्वीकृत नियम/विनियमावलीहरू नभएको हकमा मुख्य प्रवर्द्धक संस्था चिलिमे जलविद्युत कम्पनी लि.को लागू गरिएको छ। सञ्चालक समितिले स्वीकृत गरेको दरबन्दीको अधीनमा रही अत्यावश्यक कर्मचारी मात्र भर्ना गरी कर्पोरेट कार्यालय तथा आयोजना कार्यालय सञ्चालन गरिएको छ। आयोजना निर्माणको चरणमा भएकोले प्रायः कर्मचारीहरू करार सेवामा कार्यरत रहेका छन्। कम्पनीका मुख्य प्रवर्द्धक संस्था नेपाल विद्युत प्राधिकरणबाट दुई जना एवं चिलिमे जलविद्युत कम्पनी लि.को सहायक कम्पनी चिलिमे इन्जिनियरिङ एण्ड सर्भिसेस कम्पनी लि.बाट एक जना कर्मचारी काजमा आई कार्यरत रहेका छन्। कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। त्यसै गरी पदपूर्ति समिति, खरिद मूल्यांकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ। आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ। संस्थागत विकास एवं सुदृढीकरण अन्तर्गत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्राथमिकता दिई कार्यान्वयन गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्णतामा आधारित भनी विश्वास लिएको छु। लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन। थप जानकारीको आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको कदमलाई सधै स्वागत योग्य ठान्ने छु।

मिति २०८१।१०।२९ गते मंगलबारको "नेपाल समाचार पत्र" मा प्रकाशित